सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

फैसला

०६९-CF-०००६

मुद्दाः अनधिकृत निर्णय बदर गरी दर्ता हक कायम गरी पाउँ ।

जिल्ला काठमाडौं, गोठाटार गा.वि.स.वडा नं.१ बस्ने श्यामप्रसाद पुडासैनी.............१

जिल्ला भक्तपुर, वागेश्वरी गा.वि.स.वडा नं. २ बस्ने भिमसेन काफ्ले.....................१

जिल्ला रामेछाप, मटौली गा.वि.स. वडा नं. ७ बस्ने राजन बुढाथोकी...................१

ऐ. बस्ने ऐ. को श्रीमती सानुमैया बुढाथोकी....................................................१

जिल्ला भक्तपुर,सुडाल गा.वि.स.वडा नं. ९ बस्ने गणेशप्रसाद फुयाल.....................१

पुनरावेदक प्रतिवादी

विरुद्ध

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं..........................................१

जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. २० बस्ने मोतीमायाँ जोशी.......................१

ऐ. ऐ. बस्ने अरविन्दलाल जोशी ...............................................................१

ऐ. ऐ. बस्ने अरविन्दलालको छोरा राजेश जोशी ............................................१

जिल्ला भक्तपुर, कटुन्जे गा.वि.स.वडा नं. २ बस्ने बुद्धिबहादुर तज.......................१

ऐ. ऐ. बस्ने विष्णु तज.................................................................................१

जिल्ला भक्तपुर, कटुन्जे गा.वि.स.वडा नं. २ बस्ने पूर्णबहादुर तज.......................१

विपक्षी वादी

०६९-CF-०००७

जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २७ बस्ने उपेन्द्रदास जोशीको अधिकृत वारेस गणेशप्रसाद फुयाल .........................................................................१ पुनरावेदक प्रतिवादी

विरुद्ध

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं...............................................१
जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. २० बस्ने मोतीमायाँ जोशी.........................१
ऐ. ऐ. बस्ने अरविन्दलाल जोशी...........................................................................१
ऐ. ऐ. बस्ने अरविन्दलालको छोरा राजेश जोशी..................................................१ विपक्षी
जिल्ला भक्तपुर, कटुन्जे गा.वि.स.वडा नं. २ बस्ने वुद्धिबहादुर तज.........................१ वादी
ऐ. ऐ. बस्ने विष्णु तज.........................................................................................१
जिल्ला भक्तपुर, कटुन्जे गा.वि.स.वडा नं. २ बस्ने पूर्णबहादुर तज........................१

शुरु निर्णय गर्ने: अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।
मिति: २०६६।०८।१९

पुनरावेदन तहमा फैसला गर्ने: अध्यक्ष श्री गौरीबहादुर कार्की
सदस्य श्री केदारप्रसाद चालिसे
विशेष अदालत काठमाडौं
मिति: २०६७।०८।२२

यस अदालतमा आदेश गर्ने: सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री भरतबहादुर कार्की
मिति: २०६९।०७।२२

विशेष अदालत काठमाडौंको फैसला उपर यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।७।२२ मा आदेश भई साविक सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ग) र तत्काल प्रचलित सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ:

## तथ्य खण्ड

भक्तपुर जिल्ला कटुन्जे गा.वि.स. वडा नं. १(ख) कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० का जग्गाको अप्रमाणित श्रेस्ता रहेकोमा मिति २०२८।०५।०२ को निर्णयले गोविन्ददासको नाममा दर्ता कायम भनी जनिएको जग्गाधनी दर्ता श्रेस्तामा प्रमाणित गर्नेको हस्ताक्षर अस्वभाविक र काल्पनिक देखिएको र उक्त मितिको निर्णय मिसिलमा फेला पर्न नसकेको। गोविन्ददास र निजका हकदार श्रीमती र छोराहरु समेत जग्गाधनी होइनन्। आकाश

भैरव सालिक गुठीको जग्गा हो र जग्गाधनीहरु का. जि. कोहिटी बस्ने गोविन्दलाल जोशी, का.जि. देवपतन बस्ने कृष्णदास पक्वान र भक्तपुर लाकालाछे बस्ने नामानन्द जोशी हुन भन्ने समेत व्यहोराको फिल्डबुक तथा २ नं. अनुसूची समेतबाट देखिएका जोताहा मोहीका हकदार छोराहरुको बयान। जग्गा दर्ता गरिएका गोविन्ददास र निजका हकदारहरुको ठेगाना समेत २ नं. अनुसूचीमा उल्लेख भएको र जोताहा मोहीका हकदारहरुले बयानमा उल्लेख गरेका जग्गाधनीको ठेगाना समेत फरक परेको देखिएबाट उक्त जग्गाको दर्ता दुषित प्रकृतिको देखिन आयो। तसर्थ त्यस्तो दुषित दर्ता बदर गरी यथास्थितिमा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम मालपोत कार्यालय भक्तपुरलाई निर्देशन दिने निर्णय। लिखत पारित गर्दा मुल्यांकन कायम गर्ने प्रयोजनार्थ स्थानीय निकायको घर बाटाको विवरण खुलेको सिफारिश लिनु पर्नेमा उपेन्द्रदास जोशीको नाममा नामसारी भई निजबाट गणेशप्रसाद फुयाल समेतको नाममा राजिनामा लिखत पारित गर्दा थैली अंक कायम गर्नको लागि नापी कार्यालयबाट प्राविधिक समेतलाई स्थलगत निरीक्षण गर्न लगाई निजहरुले पेश गरेको कच्ची मोटर बाटोसँग जोडिएको प्रतिवेदनको आधारमा मूल्यांकन कायम गराई लिखत पारित गरेको। तर गाउँ विकास समितिबाट माग गरिएको विवरण र आ.व. २०६५।६६ को लागि कायम गरिएको न्यूनतम मुल्यांकनलाई हेर्दा लिखतमा राखिएको थैली अंक न्यूनतम अंक भन्दा बढी भएको पाइयो। गोविन्ददासको नाममा दर्ता कायम गरिएको जग्गा कम्प्यूटरमा पहिले नै प्रविष्ट गरिएको भए पनि जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपि दिँदा र नामसारीको लागि निवेदन परेपछि मोठ भिडाउँदा श्रेस्ता प्रमाणित गर्नेको हस्ताक्षर फरक फरक र शंकास्पद देखिएको तर्फ कर्मचारीको ध्यान पुग्न सकेको देखिएन। तसर्थ लिखत पारित गर्दा मूल्यांकन कायम गर्ने प्रयोजनार्थ अनिवार्य रुपमा घर बाटोको विवरण खुलेको गा.वि.स. को सिफारिस लिनु पर्नेमा सो नलिई लिखत पारित गर्ने तत्कालिन मालपोत कार्यालय भक्तपुरका मालपोत अधिकृत लोकनाथ भुषाल, शा.अ. मोहन थापा, खरिदार शिवजीप्रसाद रेग्मीको हस्ताक्षर तथा श्रेस्ताको प्रतिलिपि दिंदा र नामसारी निवेदनमा मोठ भिडाउँदा समेत प्रमाणित गर्नेको हस्ताक्षर शंकास्पद हुँदाहुँदै त्यसतर्फ ध्यान नपुऱ्याउने ना.सु. शान्ती बोगटी र खरिदार धनबहादुर कटुवाल एवं स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने नापी कार्यालय भक्तपुरका तत्कालिन सर्भेक्षक राजेन्द्र काफ्ले

समेतलाई सख्त ध्यानाकर्षण गराउने भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।८।१९ को निर्णय।

भक्तपुर जिल्ला अन्तर्गतको कटुन्जे गा.वि.स. वडा नं. १(ख) कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० का जग्गा हामी पुनरावेदकका दाताको ठूलो बुवा कृष्णदास, बुवा गोविन्ददास र बाजे रामदासको १३ नं. कटुन्जे मौजामा दर्ता रहेको साविक लगत भित्रका जग्गा नै सर्भे नापीमा नाप नक्सा भएको जग्गा हुन् भन्ने कुरा साविक लगतबाट पुष्टि भै रहेको छ। हाम्रा दाता उपेन्द्रदास जोशीको पिता गोविन्ददास जोशी भएको कुरामा कुनै विवाद छैन। गोविन्ददास जोशीको नामको जग्गा उपेन्द्रदास जोशीले नामसारी गरी लिएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो निर्णयमा उक्त जग्गा आकाश भैरव सालिक गुठीको जग्गा हो। जग्गाधनीहरु का.जि. कोहिटी बस्ने गोविन्दलाल जोशी, का.जि. देवपतन बस्ने कृष्णदास पक्वान र भक्तपुर लाकालाछे बस्ने रामानन्द जोशी हुन् भनी व्यहोरा उल्लेख गरेको छ। गोविन्दलाल जोशी समेतको नामको जग्गा भए गोविन्द दासको नामबाट कसरी भिड्न गएको हो र के कसरी नामसारी भई आएको हो। त्यो कुरा आयोगले स्पष्टसँग व्यहोरा उल्लेख गर्न सकेको छैन। कस्तो दर्ता दूषित हुने भन्ने पनि निर्णयमा उल्लेख भएको छैन। ती विवादित जग्गा २०२८।०५।०२ मा गोविन्ददासको नाममा कानून बमोजिम दर्ता प्रमाणित भएका हुन्। आयोगको दावी अनुसार विवादित जग्गा अप्रमाणित रहेको देखिएको भए हाल कसरी गोविन्दलाल समेत जग्गाधनी हुन सक्छन्। जग्गाधनी गोविन्दलाल, कृष्णदास र रामानन्द जोशी समेत भए गोविन्ददासको नाममा लगत भिड्न सक्दैन। ४५ वर्ष अघि तयार भएको फिल्डबुकमा पनि गोविन्ददास नै उल्लेख भएको छ। साथै २ नं. अनुसूची प्रकाशित हुँदा पनि हाम्रा दाताको नामबाट प्रकाशित भएको छ। साविकका मोहीले नापीको बखत जग्गाधनी गोविन्ददास नै देखाएका छन्। वास्तविक मोहीको परलोक भै सकेपछि मोहियानी नामसारीसम्म नगरेका व्यक्तिबाट अन्य व्यक्तिलाई जग्गाधनी देखाई बयान गरेकै आधारमा भएको निर्णय आफैंमा अपूर्ण छ।

हामी पुनरावेदकका दाताका नाममा साविक दर्ता रही फिल्डबुकमा उल्लेख भएका जग्गाधनीका नाममा खडा भएको दर्ता श्रेस्ता भित्रका जग्गालाई दाताले नामसारी गरी लिई हामी

पुनरावेदकलाई बिक्री गरेका जग्गा उनाउ राजेश जोशी समेतको उजुरीको आधारमा आयोगले निर्णय गरेको छ। मुलुकी ऐन अ.वं. ८२ नं. बमोजिम जसको हक पुग्छ त्यसैले मात्र उजुरी गर्न पाउँछ। यस सन्दर्भमा राजेश जोशी विवादित जग्गाको हकदार होइनन् र उजुरी गर्ने हकदैया पनि छैन। कि.नं. ६७६, ६७८, ६८९ र ६८० को जग्गाको फिल्डबुकमा जग्गाधनीको नाम गोविन्ददास छ। गोविन्ददास हामी पुनरावेदकका दाता उपेन्द्रदासको पिता भएको कुरा नाता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रबाट पुष्टि भै रहेको छ। त्यसै गरी कि.नं. ६७७ को जग्गाको फिल्डबुकमा उपेन्द्रदासको बाजे रामदासको र कि.नं. ६७५ को जग्गाको फिल्डबुकमा ठूलो बुवा कृष्णदासको नाम उल्लेख भएको छ। उजुरीकर्ता अरविन्दलाल जोशीको बाबुको नाम गोविन्दलाल भन्ने उल्लेख भएको छ। गोविन्ददास र गोविन्दलाल फरक फरक व्यक्ति हुन्। कीर्ते नामसारी गरेको भन्ने हो भने २०२२ सालको नापीमा नै गोविन्ददास उल्लेख भएको छ। गोविन्ददासको नामबाट २०२८ सालमा दर्ता प्रमाणित भई हकवालाको नाममा नामसारी भएको छ। गोविन्ददासको हकवाला उपेन्द्रदास भएको कुरामा कुनै विवाद छैन।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विवादित जग्गाको सम्बन्धमा गरेको निर्णय स्वेच्छाचारी र प्राकृतिक न्यायको सिद्धान्तको विपरीत छ। आयोगमा उजुरी परी सकेपछि आयोगले प्रमाणित दर्ता श्रेस्ता कायम रहेका हामीलाई सूचना दिई सो बारेमा यकिन कुरा बुझी प्रमाण भिडाई मात्र निर्णय गर्नुपर्नेमा हामी पुनरावेदकलाई कुनै जानकारी नै नदिई उजुरीलाई मात्र आधार मानी निर्णय गरेको छ। एकतर्फी निर्णय प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनको लागि सम्बन्धित कार्यालयलाई लेखी पठाउन सक्ने मात्र हो। हामी पुनरावेदक सार्वजनिक पद धारण गरेका व्यक्ति होइनौं। सार्वजनिक पद धारण गरेका मालपोत कार्यालय भक्तपुरका मालपोत अधिकृत लोकनाथ भुषाल, शा.अ. मोहन थापा, खरिदार शिवजीप्रसाद रेग्मी, धन बहादुर कटुवाल तथा ना.सु. शान्ति बोगटी र नापी कार्यालय भक्तपुरका सर्भेक्षक राजेन्द्र काफ्ले समेतलाई सख्त ध्यानाकर्षण गराउने मात्र भनी निर्णयमा व्यहोरा उल्लेख गरेको छ। यो मिलेको छैन। यदि

कीर्ते काम तथा कानून विपरीतको काम हो भने दाता उपेन्द्रदास मात्रले गर्न सक्ने हुँदैन। २०२८ सालको प्रमाणित फाइल उपेन्द्रदाससँग रहने होइन। फाइल मालपोत कार्यालय भक्तपुरकै कर्मचारीको जिम्मा रहने हो। को को बाट कस कसको मिलेमतोमा कीर्ते भएको भन्ने तर्फ आयोगले अनुसन्धान नै गरेको छैन। हचुवाको आधारमा मोठ श्रेस्ता कीर्ते तयार गरी लिखत पारित गरेको भन्ने सम्म उल्लेख भएको छ। यसरी गोविन्ददासको नाममा २०२२ सालमा नाप नक्सा भई २०२८ सालमा दर्ता प्रमाणित भई दाता उपेन्द्रदासको नाममा नामसारी भई हक हस्तान्तरण समेत भैसकेको जग्गा पुनः यथास्थितिमा राख्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६६।०८।१९ मा गरेको निर्णय स्वेच्छाचारी तथा प्राकृतिक न्यायको सिद्धान्त विपरीत एवं मुलुकी ऐन अ.वं. ३५ नं. समेतको विपरीत हुँदा बदर गरी पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदक श्यामप्रसाद पुडासैनी, भीमसेन काफ्ले, राजन बुढाथोकी, सानुमैया बुढाथोकी र गणेशप्रसाद फुयालको संयुक्त पुनरावेदन।

विवादित जग्गा मेरो पिताको मृत्यु भएपश्चात अन्य हकवालाको समेत मन्जुरी लिई मेरो नाममा नामसारी गरेको हो। जग्गा प्रशासनसँग सम्बन्धित कानून बमोजिम जग्गा नामसारी गरी लिएपछि उनाउ राजेश जोशी समेतको उजुरीको आधारमा स्वेच्छाचारी निर्णय भएको छ । अ.वं. ८२ नं. ले निजको हकदैया छैन। जग्गाको दर्ता श्रेस्ताबाट जग्गा गोविन्ददास, कृष्णदास र रामदासको भन्ने देखिएको छ। तर गोविन्दलाल भन्ने देखिएको छैन। गोविन्ददास र गोविन्दलाल भन्ने एउटै व्यक्ति होइनन्। विपक्षीहरु गोविन्दलालको जग्गा कीर्ते गरी गोविन्ददास बनाएको भन्ने झुठ्ठो भ्रममा परेको देखिन्छ। सरकारी कार्यालयमा रहेका दर्ता श्रेस्ता किताब सबैले सच्याउन र बनाउन सक्ने हुँदैन । त्यसमा पनि जग्गा श्रेस्ता २०२८ सालमा प्रमाणित भएको छ। गोविन्ददास मेरो पिता, कृष्णदास ठूलो बुवा र रामदास बाजे नाता भएको कुरा मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता र नाता प्रमाणपत्र समेतबाट प्रष्ट भैरहेको छ। ती जग्गा मेरो नाममा नामसारी भई अन्यत्र विक्री वितरण भैसकेको छ। विपक्षीको उजुरी विवरणबाट जग्गाधनीमा तेरो मेरोको प्रश्न उठेको छ। तेरो मेरोको प्रश्नमा निर्णय गर्न अदालतलाई मात्र अधिकार छ। कसैले अधिकारक्षेत्र ग्रहण गरी निर्णय गरेको रहेछ भने अ.वं. ३५ नं. ले बदर हुन्छ। यसरी मेरो पिता, बाजे र ठूलो बुवाको नामको जग्गा २०२८ सालको प्रमाणित श्रेस्ताको आधारमा

गोविन्ददास जोशीको हकवाला म उपेन्द्रदास जोशीले नामसारी गरी लिई हक हस्तान्तरण भैसकेको जग्गालाई दूषित दर्ता भनी यथास्थितिमा राख्न मालपोत कार्यालय भक्तपुरलाई लेखी पठाउने गरेको निर्णय अ.बं. ३५ नं. समेतको विपरीत हुँदा बदर गरी पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदक उपेन्द्रदास जोशीको पुनरावेदन ।

मेरो पिता गोविन्ददास जोशीको नामबाट लगत भिडी हकवाला छोराको हैसियतले मेरो नाममा नामसारी भई आएका भक्तपुर जिल्ला कटुन्जे गा.वि.स.वडा नं. १ (ख) अन्तर्गत कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० समेतका ६ कित्ता जग्गा मैले हक हस्तान्तरण समेत गरी सकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त जग्गालाई अप्रमाणित जग्गा भनी यथास्थितिमा राख्न मा.पो.का. भक्तपुरलाई लेखी पठाउने भनी निर्णय गरेको उपर यस अदालतमा पुनरावेदन (मुद्दा) परी कारवाहीयुक्त अवस्थामा रही रहेको समयमा नै उक्त निर्णय बमोजिम मालपोत कार्यालय भक्तपुरबाट साविक मेरो नाममा दर्ता कायम रहेका जग्गालाई पुनः जग्गा दर्ताको प्रकृया अगाडि बढाउने कार्य मालपोत कार्यालयबाट भैरहेकोले प्रस्तुत पुनरावेदनको अन्तिम टुंगो नलाग्दै जग्गाको हक अन्यत्र हस्तान्तरण भएमा यस अदालतबाट हुने फैसला निष्प्रयोजन र निरर्थक हुने हुँदा प्रस्तुत पुनरावेदनको अन्तिम टुंगो नलागेसम्म विपक्षीहरु र मालपोत कार्यालय भक्तपुरको नाममा अन्तरकालिन आदेश जारी गरी पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदक उपेन्द्रदास जोशीको मिति २०६६।१२।२४ मा दर्ता भएको निवेदन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।८।१९ को निर्णय उपर यस अदालतमा निवेदक उपेन्द्रदास जोशीको पुनरावेदन परी पुनरावेदन कारवाहीयुक्त अवस्थामा रहेको हुँदा सो पुनरावेदनको अन्तिम टुंगो नलागेसम्म विपक्षी आयोगबाट भएको २०६६।८।१९ को निर्णय कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरु र मालपोत कार्यालय भक्तपुरलाई जानकारी दिनु भन्ने व्यहोराको विशेष अदालतको मिति २०६६।१२।२६ को अन्तरकालीन आदेश।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।८।१९ को निर्णय विचारणीय देखिंदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम विपक्षीहरुलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको विशेष अदालतको मिति २०६७।२।२३ को आदेश ।

भक्तपुर जिल्ला कटुन्जे गा.वि.स.वडा नं. १ (ख) अन्तर्गतका अप्रमाणित कि.नं. ६७६, ६७८ र ६७९ समेत ३ कित्ता जग्गाको मोही मेरो पिता स्व. काजीलाल तज भई निजको शेषपछि मैले जोत आवाद गर्दै आएको छु। जग्गा हालसम्म प्रमाणित भएको छैन। अप्रमाणित जग्गालाई प्रमाणित जग्गा भनी उपेन्द्रदास जोशीले आफ्नो नाममा नामसारी गरी गणेशप्रसाद फुयाल समेतको नाममा हस्तान्तरण गरेको कार्य गैरकानूनी छ। उक्त जग्गाको फिल्डवुक तथा २ नं. अनुसूची प्रकाशित हुँदा उल्लेख गरिएका व्यक्ति गोविन्ददास भन्ने गोविन्दलाल हुन्। २०२८ सालमा गोविन्दलालले बाली बुझेको भरपाई गरी दिनु भएको छ। २०२८ सालपछि बाली बुझेको भरपाई अरबिन्दलालले गर्दै आउनु भएको छ। उपेन्द्रदास जोशी जग्गाधनी होइनन्। निजलाई मैले हालसम्म बाली बुझाएको छैन। यस सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय सदर हुनु पर्दछ भन्ने समेत व्यहोराको विपक्षी बुद्धिबहादुर तजको लिखित प्रतिवाद।

विवादित जग्गाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय तथा सो बमोजिम भएका पत्राचार समेतका आधारमा भक्तपुर मालपोत कार्यालयले जग्गाको हैसियत यथास्थितिमा राखेको देखिन्छ। जग्गाको हैसियत यथास्थितिमा राखी पुनः हक दावीको लागि मालपोत कार्यालय भक्तपुरबाट मिति २०६६।११।१३ मा सूचना प्रकाशन भएको भन्ने कुरा विपक्षी तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता समेतले आफ्नो बहसमा व्यहोरा उल्लेख गर्नु भएको छ। विवादित जग्गामा हक पुग्ने व्यक्तिले आफ्नो हक पुग्ने प्रमाण देखाई हक दावी गर्न पाउने नै देखिन्छ। यसरी जग्गा दर्तावाला भनिएका गोविन्ददासको वतन र २ नं. अनुसूचीमा प्रकाशित जग्गाधनीको वतन एक आपसमा मेल नखाएको, गोविन्ददास भन्ने गोविन्दलाल एउटै व्यक्ति हो भनी का.जि.का.म.न.पा. वडा नं. २० को कार्यालयबाट सिफारिस भै आएको र ठेगाना कोहिटी बस्ने भनी उल्लेख भएको, श्रेस्तामा नाम गोविन्ददास मात्र उल्लेख भई थर वतन र तीनपुस्ते नखुलेको देखिएको साथै २०२८ सालमा भएको दर्ता प्रमाणित सम्बन्धित फाईल मालपोत कार्यालयमा नभेटिएको र सो दर्ता प्रमाणित गर्ने भनिएका तत्काल कार्यरत कर्मचारीहरुको हस्ताक्षरसँग विवादमा आएका जग्गाहरुको दर्ता प्रमाणित भएको भनिएको जग्गाधनी प्रमाणपूर्जामा भएका परेका हस्ताक्षरहरु अस्वभाविक र काल्पनिक देखिएको भन्ने

आधारमा विपक्षी आयोगले गरेको निर्णयबाट २०२८ साल पूर्वको अवस्था (यथास्थिति) मा राखिएका जग्गामा आ-आफ्ना हक पुग्ने प्रमाण देखाई दर्ता सम्बन्धमा कारवाही गर्न पाउने हक यी पुनरावेदक उपेन्द्रदास जोशी समेतको सुरक्षित नै रहेको हुँदा माथि विवेचित आधार र कारणबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६६।०८।१९ मा कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० को जग्गा दर्ता र लिखत अमान्य गरी यथास्थितिमा राख्न मालपोत कार्यालय भक्तपुरलाई निर्देशन दिने गरी भएको हकमासम्म निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंको मिति २०६७।०८।२२ को फैसला।

विशेष अदालत काठमाडौंबाट फैसला हुँदा म पुनरावेदकका पिता गोविन्ददास र विपक्षीका पिता गोविन्दलाल भएको देखिने नाता प्रमाण, नागरिकता समेतका कागजातहरुको मुल्याङ्कन गरिएन। घरबाटोको सिफारिस विना जग्गाको रजिष्ट्रेशन हुन नसक्ने भन्ने आधार लिइयो। २०२८ सालको स्रेस्तामा गोविन्ददास मात्र उल्लेख भएको, निजको तीनपुस्ते विवरण स्रेस्तामा उल्लेख नभएको, लिखत पारित हुँदा न्यूनतम मुल्य भन्दा बढी मूल्य राखेको, अमुक व्यक्तिको उजूरीको आधारमा तहकिकात उठान गरी साविक देखिको नम्बरी जग्गाको २०२८ सालमा दर्ता स्रेस्ता प्रमाणित रहेको र पिताको हक जग्गा पजनीको २(क) नं. बमोजिम म पुनरावेदकका नाममा नामसारी दर्ता गरी लिखत पारित गरिदिएको जग्गाको दर्तालाई बदर गर्ने गरी मिति २०६६।०८।९ मा भएको निर्णयलाई हुवहु सदर गरेको विशेष अदालत काठमाण्डौंको फैसला त्रुटिपूर्ण हुँदा बदर गरीपाउँ भन्ने प्रतिवादी उपेन्द्रदास जोशीको यस अदालतमा परेको पुनरावेदन।

विशेष अदालत काठमाण्डौंले फैसला गर्दा सर्भे नापी भएका जग्गाको लगत र भूमि प्रशासन कार्यालयबाट मिति २०२८।५।२ मा भएको गोविन्ददासको नामको दर्ता स्रेस्ता झिकाई हेरिएन। काठमाण्डौं महानगरपालिका वडा नं. २७ बाट मालपोत कार्यालय भक्तपुरलाई मिति २०६५।१०।२ मा उपेन्द्रदासका नाममा जग्गा नामसारी दर्ता गरिदिनु भनी सिफारिस गर्ने कार्यालय र कर्मचारीहरुलाई समेत बुझिएन। विवादित कित्ता जग्गाहरु कुन मितिमा कम्प्युटरमा रेकर्ड गरिएको हो भन्ने तर्फ पनि विचार गरिएन। विपक्षी अरविन्दलाल जोशीका पिताको नाम गोविन्दलाल हो तर हामी पुनरावेदकका दाताको पिताको नाम गोविन्ददास भएको कुरा विभिन्न प्रमाणहरुबाट पुष्टी भइरहेकोमा सो तर्फ ध्यान नदिई फैसला गरियो। यसरी नाता नै

नभएको अमुक व्यक्तिले उजुरी दिन पाउने हकदैया नै छैन। मिति २०२८।५।२ को निर्णयबाट गोविन्ददासका नाममा स्रेस्ता प्रमाणित भई जग्गाधनी दर्ता स्रेस्ता कायम रहेकोमा मिति २०६५।१०।२७ मा मालपोत कार्यालय भक्तपुरको नामसारी निर्णयबाट उपेन्द्रदास जोशी समेतका नाममा स्रेस्ता पूर्जा कायम भएको जग्गाको दर्तालाई दुषित ठहर गर्ने क्षेत्राधिकार विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छैन। घरबाटोको सिफारिस विना रजिष्ट्रेशन गरिएको, तोकिएको न्यूनतम रजिष्ट्रेशन दस्तुर भन्दा बढी मूल्य लिखत पारित हुँदा राखेको, अ.वं. ८२ नं. बमोजिमको हकदैया नभएका अमुक व्यक्तिको उजूरीको आधारमा तहकिकात उठान गरी हामी पुनरावेदकका नाममा उपेन्द्रदास जोशीबाट मा.पो.का. भक्तपुरबाट पारित भएका र.नं. ४४९३(छ) मिति २०६५।११।११ र र.नं. ४४९४(छ) मिति २०६५।११।११ मा पारित भएका लिखत र उक्त लिखतका आधारमा दर्ता श्रेस्ता कायम भएका जग्गाका दर्तालाई हामी पुनरावेदक जग्गा धनी समेतलाई मुद्दामा प्रतिवाद गर्ने मौका नदिई प्राकृतिक न्यायको सिद्धान्त विपरित दर्ता स्रेस्ता बदर गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको मिति २०६६।८।१९ को निर्णयलाई सदर गरेको विशेष अदालत काठमाण्डौंको फैसला त्रुटिपूर्ण हुँदा बदर गरीपाउँ भन्ने प्रतिवादी श्याम पुडासैनी समेतको यस अदालतमा परेको पुनरावेदन।

यसमा विवादित कित्ता नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० का जग्गाहरु नापीमा फिल्डबुक तयार हुँदा पुनरावेदकका दाता गोविन्ददासका नाममा मिति २०२८।५।२ मा दर्ता भएको भन्ने तथ्य खण्डित भएको अवस्था देखिंदैन। उक्त जग्गाहरु उपेन्द्रदास समेतका नाममा नामसारी भई आएपछि विभिन्न व्यक्तिहरुका नाममा हक हस्तान्तरण भई गएकोमा सो बदर वा अमान्य गर्ने गरी निर्णय भएको पनि देखिंदैन। व्यक्ति व्यक्ति बीच विवाद भए प्रचलित कानून बमोजिम सामान्य अधिकार क्षेत्रबाट उपचार प्राप्त गर्न जान सक्नेमा भएको दर्ता नामसारी वा व्यवहारलाई दुषित वा अन्य नामाकरण गरी हक बेहकमा निर्णय गर्ने क्षेत्राधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रभित्र पर्ने देखिँदैन। दर्ता नामसारी वा हक हस्तान्तरण गर्दा अवलम्वन गर्नुपर्ने प्रक्रिया नअप्नाएमा वा गलत प्रक्रिया अपनाएको भए सो तर्फ कारवाही गर्न सक्नेमा सो नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम विवादित जग्गाको दर्ता र लिखत अमान्य गरी

यथास्थितिमा राख्न मालपोत कार्यालय, भक्तपुरको नाममा दिएको निर्देशन आदेश मिलेको नदेखिएको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मालपोत कार्यालय, भक्तपुरलाई दिएको उक्त निर्देशन आदेश सदर हुने ठहराई विशेष अदालत काठमाडौंबाट भएको मिति २०६७।८।२२ को फैसला फरक पर्न सक्ने देखिँदा छलफलको निमित्त अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि पेश गर्नु भन्ने यस अदालतको मिति २०६८।४।२२ को आदेश।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख को प्रतिवन्धात्मक वाक्यांश समेतको आधारमा कुनै व्यक्तिको नाममा दर्ता भएको र व्यक्तिहरुकाबीच स्वामित्वको विवाद रहेको जग्गालाई दुषित दर्ता नामाकरण गरी बदर गर्ने कारवाही चलाउन सो दफाको प्रयोग आयोगले गर्न सक्ने हो वा होईन ? दफा १२ख अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रयोग गर्न पाउने अधिकारको सीमा कति हो भन्ने सन्दर्भ र त्यस्तो आदेश विरुद्ध कस्ता व्यक्तिहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम विशेष अदालतमा पुनरावेदन गर्न सक्ने र कस्ता व्यक्तिले यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन दिनुपर्ने हो भन्ने सम्बन्धमा ऐनको दफा १२ख र दफा ३५ग को कानूनी व्यवस्थालाई एक अर्काको सापेक्षतामा व्याख्या गर्नु पर्ने देखिन आयो। दावीको कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० को जग्गामा व्यक्तिहरुकाबीच स्वामित्वमा विवाद रहेको देखिन्छ। पुनरावेदक प्रतिवादी पक्षले २०२८ सालमा भएको दर्ता श्रेस्ताको आधारमा मिति २०६५।१०।२७ मा नामसारी गरी विभिन्न व्यक्तिकाबीच हक हस्तान्तरण गरी सकेको अवस्थामा सो जग्गामा हाम्रो स्वामित्व कायम हुनुपर्छ भन्ने विपक्षीहरुको निवेदनको आधारमा अख्तियार दुरुयोग अनुसन्धान आयोगले ऐन, २०४८ को दफा १२ख बमोजिम २०२८ सालको दर्ता दुषित देखिएको भनी सो दर्ता र लिखत अमान्य गरी यथास्थितिमा राख्न मालपोत कार्यालय भक्तपुरलाई निर्देशन दिएको देखिएको र सो उपर पुनरावेदक प्रतिवादीहरुको अख्तियार दुरुयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम विशेष अदालतमा पुनरावेदन परेको अवस्था हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख र दफा ३५ग को सापेक्षतामा प्रस्तुत मुद्दा विशेष अदालतमा पुनरावेदन लाग्न सक्ने

अवस्थाको हो वा होईन भन्ने सम्बन्धमा उठेको जटिल कानूनी प्रश्नको व्याख्या भै सो को निराकरण पूर्ण इजलासबाट हुँदा यसै प्रकृतिका अन्य मुद्दाको विवाद निरुपण गर्ने सन्दर्भमा समेत मार्ग दर्शक बन्न सक्ने देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ग) बमोजिम प्रस्तुत मुद्दाको संयुक्त इजलासको लगत कट्टा गरी पूर्ण इजलासमा पेश गर्नू भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६९।०७।२२ को आदेश।

## यस अदालतको ठहर

नियमबमोजिम आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/ प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री श्यामप्रसाद खरेल श्री बद्रीप्रसाद शर्मा, श्री रजितभक्त प्रधानाङ्ग, श्री बालकृष्ण न्यौपाने तथा विद्वान अधिवक्ता श्री जगतबहादुर कार्कीले २०२१ सालको नापी दर्ता, २०२८ सालको गोविन्द दासको नाउँको दर्ता, २०६५।१०।२७ को उपेन्द्रदासका नाममा भएको नामसारी दर्ता, २०६५।११।११ का पारित लिखतबाट गणेशप्रसाद फुयाल समेतका नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गाको दर्ता बदर गर्ने गरी मिति २०६६।०८।१९ मा विपक्षी आयोगबाट भएको निर्णय संवैधानिक व्यवस्थाको विपरीत, क्षेत्राधिकारभन्दा बाहिरको निर्णय, सम्मानित सर्वोच्च अदालतबाट स्थापित नजिर सिद्धान्तको समेत उल्लंघन हुने गरी जग्गाको दर्ता श्रेस्ता बदर गर्नू भन्ने परमादेश प्रकृतिको आदेश दिई दर्तावाला जग्गाधनीहरुलाई सुनुवाईको मौकासमेत नदिई विपक्षी आयोगबाट भएको निर्णयलाई सदर गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनु पर्दछ साथै विपक्षीहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयउपर रिट क्षेत्राधिकारमार्फत आउनु पर्नेमा सो नगरी विशेष अदालतमा पुनरावेदन गरेको मिलेन भनी जिकिर लिए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयउपर पुनरावेदन लाग्ने नै हुन्छ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

विपक्षी मोतिमाया जोशी समेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल र श्री नरेन्द्रप्रसाद पाठक तथा विद्वान अधिवक्ताहरु श्री युवराज प्रसाद कोइराला र श्री विश्व प्रकाश सिग्देलले दुषित कार्यबाट स्थापित हक अधिकारले कानूनी मान्यता पाउन

नसक्ने हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।०८।१९ को निर्णय एवं विशेष अदालतको मिति २०६८।८।२२ को फैसला समेतले विवादित कित्ता जग्गाको जग्गा धनी प्रमाणपूर्जा कुनै व्यक्ति विशेषको नाममा कायम गर्ने गरी निर्णय गरेको नभई २०२८ सालभन्दा अगाडिको पूर्ववत् अवस्थामा राख्ने कामसम्म भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सो निर्णय उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग अनुसार पुनरावेदकहरुको विशेष अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था छैन। सार्वजनिक पद धारण गरेको व्यक्तिलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न दिएको आदेश उपर मात्र त्यस्तो व्यक्तिले विशेष अदालतमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था रहेकोले यी पुनरावेदकहरु सार्वजनिक पद धारण गरेको व्यक्ति पनि नभएको र निजहरुलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न आदेश पनि नदिएको अवस्था भएकोले निजहरुको विशेष अदालतमा पुनरावेदन लाग्न सक्दैन। यसरी लाग्नै नसक्ने पुनरावेदन विशेष अदालतमा दायर भई फैसला समेत भएको र सो फैसला उपर पुनः यस सम्मानित अदालतमा पुनरावेदनको माध्यमबाट पुनरावेदक प्रतिवादीहरु यो मुद्दा लिई आएको हुँदा प्रस्तुत पुनरावेदन खारेजभागी छ खारेज गरी पाउँ समेत भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

त्यसैगरी विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले दिएको अख्तियारी अन्तर्गत रही अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको कार्य कानून सम्मत भएकोले त्यसलाई सदर गरेको विशेष अदालत काठमाडौंको फैसला सदर हुनुपर्छ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

विद्वान कानून व्यवसायीहरुको बहस जिकिर सुनी पुनरावेदन पत्रसहितको मिसिल कागजात अध्ययन गरी हेर्दा मिति २०६९।०७।२२ मा यस अदालतको संयुक्त इजलासबाट आदेश भई साविक सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ग) र हाल प्रचलित सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(ग) बमोजिम यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय वा आदेशउपर ऐ. ऐनको दफा

३५ग बमोजिम विशेष अदालतमा पुनरावेदन लाग्ने हो वा असाधारण क्षेत्राधिकारको प्रयोग गरी रिटमार्फत अदालत प्रवेश पाउने हो भन्ने कानूनी प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णय तर्फ विचार गर्दा भक्तपुर जिल्ला कटुन्जे गा.वि.स. वडा नं. १(ख) कि.नं. ६७५, ६७६, ६७७, ६७८, ६७९ र ६८० का जग्गा दर्ता प्रमाणित नहुँदै मालपोत कार्यालयका कर्मचारीहरुसँग मिलेमतो गरी मालपोत कार्यालयले मिति २०२८।०५।०२ मा निर्णय गरी गोविन्ददासको नाममा दर्ता कायम गराई हक हस्तान्तरण समेत गरेकाले कारवाही गरी पाउँ भनी राजेश जोशीसमेतको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी सम्बन्धमा अनुसन्धान गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जग्गाधनी दर्ता श्रेस्तामा प्रमाणित गर्नेको हस्ताक्षर अस्वभाविक र काल्पनिक देखिएको र उक्त मितिको निर्णय मिसिल फेला पर्न नसकेको भन्ने समेतका आधारमा उक्त जग्गाको दर्ता दूषित प्रकृतिको देखिन आएको भनी त्यस्तो दुषित दर्ता बदर गरी २०२८ साल पूर्वको अवस्थामा पुर्‍याई जग्गा दर्ता र लिखत अमान्य गरी यथास्थितिमा रहने गरी निर्णय गरिएको र उक्त कित्ता जग्गामा आ-आफ्नो हक पुग्ने प्रमाण देखाई दर्ता सम्बन्धमा कारवाही गर्न पाउने हक यी पुनरावेदक उपेन्द्र दास जोशी समेतको सुरक्षित नै रहेको हुँदा जग्गा दर्ता र लिखत अमान्य गरी यथास्थितिमा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम मालपोत कार्यालय, भक्तपुरलाई निर्देशन दिने भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६६।८।१९ मा गरेको निर्णयउपर प्रस्तुत मुद्दाका पुनरावेदकहरु गणेशप्रसाद फुयालसमेतले विशेष अदालतमा पुनरावेदन गरेको देखिन्छ। उक्त पुनरावेदनमा गोविन्ददासको नाममा २०२२ सालमा नाप नक्सा र २०२८ सालमा दर्ता प्रमाणित भई उपेन्द्रदासको नाममा नामसारी भई हक हस्तान्तरण समेत भैसकेको जग्गा पुनः यथास्थितिमा राख्नू भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६६।०८।१९ मा मालपोत कार्यालय, भक्तपुरलाई निर्देशन दिने गरी भएको निर्णय सदर हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट भएको फैसला उपर चित्त नबुझाई प्रतिवादीहरुको यस अदालतमा पुनरावेदन परेकोमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।०७।२२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय वा आदेशउपर ऐ. ऐनको दफा

३५ग बमोजिम विशेष अदालतमा पुनरावेदन लाग्ने हो वा असाधारण क्षेत्राधिकारको प्रयोग गरी रिटमार्फत अदालत प्रवेश गर्न पाउने हो भन्ने कानूनी प्रश्नको व्याख्या भई सो को निराकरण पूर्ण इजलासबाट हुँदा यसै प्रकृतिका अन्य मुद्दाको विवाद निरुपण गर्ने सन्दर्भमा समेत मार्गदर्शक बन्न सक्ने देखिएको भनी यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको देखिन्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख को गलत किसिमले व्याख्या र प्रयोग गरी एक व्यक्तिको नाममा दर्ता कायम रहेको जग्गाको दर्ता श्रेस्ता नै बदर गरी शुन्यको स्थितिमा पुऱ्याउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय गर्दा ऐनले तोकेको क्षेत्राधिकार बाहिर गई निर्णय गरेको र उक्त निर्णयले व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकार अपहरणमा परेको भन्ने पुनरावेदकहरुको पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदकहरुले पुनरावेदनको माध्यमद्वारा नभई सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन दिई त्यस्तो निर्णय बदरको माग गर्न जानुपर्ने थियो। सार्वजनिक पद धारण गरेको व्यक्तिलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न दिएको आदेश उपर मात्र त्यस्तो व्यक्तिले विशेष अदालतमा पुनरावेदन गर्न सक्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग को कानूनी व्यवस्था रहेकोमा यी पुनरावेदकहरु सार्वजनिक पद धारण गरेको व्यक्ति पनि नभएको र निजहरुलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न आदेश पनि नदिएको अवस्था भएकोले निजहरुको हकमा ऐनको दफा ३५ग आकर्षित हुन सक्दैन भन्ने विपक्षीतर्फको जिकिर रहेको देखिन्छ।

प्रस्तुत मुद्दाका विपक्षीहरुले लिएको उल्लिखित जिकिर सम्बन्धमा विचार गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख र दफा ३५ग को कानूनी व्यवस्था उपर दृष्टिगत गर्नुपर्ने देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख मा **"सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगले सम्वन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्नेछ"** भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार प्रदान गरेको देखिन्छ। साथै ऐ. ऐनको सोही दफामा **"तर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णय उपर प्रचलित कानून बमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णय प्रभावित हुने**

गरी लेखी पठाउने छैन" भन्ने प्रतिवन्धात्मक वाक्यांश पनि रहेको पाईन्छ। सोही ऐनको दफा २(छ) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले ऐनको दफा ३ मा उल्लेख भए बमोजिम गरेको कुनै कार्यलाई अनुचित कार्य भनी परिभाषित गर्ने सम्बन्धमा भएको व्यवस्था यस प्रकार रहेको छ: दफा ३:"सार्वजनिक पद धारण गरेको व्यक्तिले जानीजानी वा लापरवाही साथ देहायको कुनै कार्य गरेमा अनुचित कार्य गरेको मानिनेछः

क) आफ्नो अधिकारक्षेत्रभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,

ख) कुनै निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अप्नाउनुपर्ने कार्यविधिको पालन नगरेको,

ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको,

घ) आफ्नो तजबिजी अधिकार बदनियत साथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,

ङ) अन्य कार्यालय, आधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिई कुनै अनधिकृत कार्य गराएको,

च) आफूले गर्नुपर्ने काम नगरी अन्य कार्यालय वा अन्य अधिकारी कहाँ पठाई आफ्नो उत्तरदायित्व पञ्छाएको,

छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेको,

ज) आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दवाब दिई वा प्रलोभनमा पारी आफ्नो अनुकूलको काम गराएको, वा

झ) आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेको।"

यसरी ऐनले नै यो वा यस्ता कार्यहरु अनुचित कार्य हुने भनी उल्लेख गरिरहेको र सार्वजनिक पद धारण गरेको व्यक्तिले यस्ता अनुचित कार्य गरेको भेटिएमा त्यस्ता कार्यहरुबाट कोही कसैलाई वा कुनै कार्यालयलाई हानी पुगेमा त्यस्तो कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनको लागि सम्बन्धित कार्यालयलाई लेखी पठाउन सक्ने गरी दफा १२ख अन्तर्गत

आयोगलाई अधिकार प्राप्त भएको भन्ने देखिन्छ। प्रस्तुत मुद्दामा पनि मालपोत कार्यालयले अवलम्बन गरेको कारवाहीको प्रक्रिया उपर प्रश्न उठाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उक्त जग्गा दर्ता सम्बन्धी काम कारवाही बदर गरी जग्गालाई दर्ता पूर्वको स्थितिमा पुर्‍याइएको र सो कार्यमा संलग्न कर्मचारीहरुको हकमा उनीहरुले गरेको त्रुटि समेत औंल्याई सख्त ध्यानाकर्षण गराएको देखिन्छ। तत्पश्चात मालपोत कार्यालयका कर्मचारीहरुसमेत उपर सरकारी छाप दस्तखत कीर्ते मुद्दा चलेको पनि देखिन्छ। कारवाहीको प्रकृति हेर्दा संलग्न कर्मचारीहरुले "आफूले गर्नुपर्ने कार्य नगरेको" अर्थात "आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदीय कर्तव्य पालना नगरेको" कुरामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग विश्वस्त रहेको देखियो। यस स्थितिमा अनुचित कार्यमा दफा १२ख बमोजिम कारवाही गरेको रहेनछ भन्न मिल्ने देखिएन। जग्गा दर्ताको विषयमा दुषित दर्ता भनी सो दफा अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारवाही गर्ने क्षेत्राधिकार राख्छ वा राख्दैन भन्ने एउटा प्रश्न हो भने त्यसरी कारवाही र निर्णय गरी दर्ता श्रेस्ता नै सच्याउन र सम्वन्धित कर्मचारीहरुको काम कारवाही समेतलाई जानकारीमा लिई उनीहरुलाई सख्त ध्यानाकर्षण गराउने भन्ने निर्णय गरेकोमा त्यस्तो निर्णय उपर दफा ३५ग अन्तर्गत पुनरावेदन लाग्छ वा रिट क्षेत्रबाट उपचार खोज्नुपर्छ भन्ने अर्को प्रश्न हो। प्रस्तुत मुद्दामा यी दुवै प्रश्नहरु उत्पन्न भएको देखिन्छ। यी प्रश्नहरु मध्ये दोस्रो प्रश्नको निरुपण पहिले गर्नु पर्ने हुन आएको छ।

सो सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग मा भएको कानूनी व्यवस्था हेर्दा **"आयोगले यस ऐन अन्तर्गत कारवाही गरी कसैलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न दिएको आदेश वा अन्य कुनै आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ।"** भन्ने उल्लेख भएको देखिन्छ। मिति २०६२।०३।२३ को राजपत्रमा प्रकाशित सूचनाबाट सम्बन्धित अदालत भनेको विशेष अदालत हो भन्नेमा पनि विवाद रहेन। उक्त व्यवस्थाको विश्लेषण गर्दा आयोगले कारवाही गरी (क) कसैलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न दिएको आदेश वा (ख) अन्य कुनै आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन लाग्ने देखियो। यहाँ कसैलाई जरिवाना वा कुनै रकम असूल गर्न आदेश दिएको अवस्था नभै कर्मचारीहरुको हकमा "सख्त ध्यानाकर्षण" गराउने र जग्गाको श्रेष्ताको हकमा

२०२८ सालको दर्तापूर्वको स्थितिमा पुऱ्याउने निर्णय गरी लेखी पठाएको देखिन्छ। माथि वर्णित दफा ३५ग को व्यवस्थामा "अन्य कुनै आदेश" भन्ने शव्दावली प्रयोग भएकोबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अधिकारक्षेत्रको विषय मानी जग्गाको स्वामित्वमा असर पार्ने र कर्मचारीको हकमा अनुचित कार्य गरेको निष्कर्षमा पुगी दुष्परिणाम सच्याउन आदेश दिएको हुँदा जरिवाना वा रकम असूल गर्ने आदेश नगरेको भए पनि सो कार्य "अन्य कुनै आदेश" को वर्गमा पर्ने भएबाट त्यस्तो निर्णयमा पुनरावेदन लाग्न सक्दैन भन्न मिल्ने देखिएन।

प्रत्यर्थीहरु तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुले माथि उल्लिखित दफा ३५ग **कसैलाई जरिवाना वा कुनै रकम असूल उपर गर्न दिएको आदेश वा अन्य कुनै आदेश** भन्ने शव्दावली प्रयोग भएको हुँदा "दुषित दर्ता बदर गरी यथास्थितिमा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२ख बमोजिम मालपोत कार्यालयलाई निर्देशन दिने" भनी गरेको निर्णय Ejusdem Generis को सिद्धान्तले पनि यस्तो निर्णय उपर पुनरावेदन लाग्न सक्दैन भन्ने जिकिर गर्नु भएको छ। **Ejusdem Generis को सिद्धान्तको प्रयोग यस अदालतले प्रभु दयाल लोहिया विरुद्द जुट विकास संस्थान (ने.का.प २०३९ नि.नं १५५०) भएको मुद्दामा र त्यसपछि विभिन्न मुद्दामा गरेको छ। कानून व्याख्याको यो सिद्धान्तले जब कुनै विशेष शब्दहरु पछि सामान्य अर्थ दिने शब्दहरु प्रयोग भएका छन् भने सामान्य अर्थ दिने शब्दहरुको अर्थ गर्दा विशेष अर्थ दिने शब्दहरुसँग मिल्ने गरी गरिनुपर्छ भन्ने हो[1]। उपयुक्त सन्दर्भमा हेर्दा दफा ३५ग मा उल्लिखित "जरिवाना वा कुनै रकम भराउन दिएको आदेश" भन्ने शब्दहरुले हक अधिकारमा प्रभाव पार्ने गरी दिएको आदेश भन्ने अर्थ बुझाउँछन्। यस्ता आदेशहरु फौजदारी वा देवानी प्रकृतिका हुन्छन्। यहाँ जग्गाको दर्ता बदर गरी यथास्थितिमा राख्ने जुन आदेश अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको छ, यो आदेशले सम्बन्धित व्यक्तिको हक अधिकारमा असर परेको देखिंदा यसलाई देवानी प्रभाव राख्ने आदेश मान्नुपर्ने देखिन्छ। उसमा पनि दफा ३५ग मा "अन्य आदेश"**

---

1 General dictionary meaning: "General words (as in a statute) that follow specific words in a list must be construed as referring only to the types of things identified by the specific words. See also *Circuit City Stores Inc. v. Adams*, 532 U.S. 105 (2001) the US defining *ejusdem generis rule* to illustrate situation in which "general words follow specific words in a statutory enumeration, the general words are construed to embrace only objects similar in nature to those objects enumerated by the preceding specific words." See also Walter M. Clark, *The Doctrine of Ejusdem Generis in Missouri*, Washington University Law Review, vol 2 1951 at p 250

भन्ने मात्र उल्लेख नभै "अन्य कुनै आदेश" भन्ने उल्लेख भएबाट जरिवाना गरिएको वा रकम भराउन दिएको आदेशकै प्रकृतिसँग मिल्दोजुल्दो आदेश भनी सो शब्दहरुको अर्थ सीमित गर्न मिल्ने देखिंदैन। यसरी हेर्दा आयोगले हक अधिकारमा प्रभाव पार्ने गरी दिएको आदेश उपर चित्त नबुझ्ने वा मर्का पर्ने पक्ष वा व्यक्तिले कानूनले तोकेबमोजिमको शर्तको अधीनमा रही सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग ले दिएको मान्नुपर्ने हुँदा कानूनको उक्त व्यवस्था बमोजिम पुनरावेदन लाग्ने कुरामा विवाद गर्नुपर्ने अवस्था देखिंदैन।

प्रस्तुत विवादकै सन्दर्भमा प्रत्यर्थीहरुबाट पुनरावेदक मध्येका उपेन्द्रदास जोशी वा उनीबाट जग्गा हस्तान्तरण गराई लिने गणेशप्रसाद फुयाल समेतका व्यक्तिहरुको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारवाहीमा संलग्नता नरहेको हुँदा उनीहरुलाई पुनरावेदन गर्ने हक नै हुँदैन; यदि उनीहरुको हक हनन् भएको वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारवाहीको कारण प्रतिकूल असर परेको छ भने उनीहरुले रिट क्षेत्रबाट उपचार खोज्नु पर्ने हो भन्ने जिकिर पनि उठाइएको छ। **वस्तुतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग मुद्दा हेर्ने निकाय नभै अनुसन्धान गर्ने निकाय हो।** त्यस्तो निकायले गरेको अनुसन्धानात्मक निर्णयबाट असर पर्ने पक्षले कानूनले दिएको मार्ग अनुशरण गरी पुनरावेदन गर्न नपाउने भन्ने हुँदैन। साथै मिसिल हेर्दा विवादित जग्गाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जग्गा नामसारी गराई बिक्री गर्ने पक्षहरुलाई बुझ्ने क्रममा उपेन्द्रदासका भाईहरु अरविन्ददास र अरुणदासको बयान गराएको र सो बयान गर्ने क्रममा उपेन्द्रदास र आमा तुलसीमायाँको वारिसनामा लिई आएको छु भनी निजहरुले बयान गरेको देखिन्छ। त्यसैगरी विवादित जग्गा २०६५।१०।२७ मा अरविन्ददास, अरुणदास र आमा तुलसीमायाँको मञ्जुरीले उपेन्द्रदासको नाममा नामसारी भै २०६५।११।११ मा दुईवटा लिखतबाट श्याम पुडासैनी, भीमसेन काफ्ले, राजन बुढाथोकी, सानुमैया बुढाथोकी र गणेशप्रसाद फुयालको नाममा गएको र त्यसपछि मात्रै राजेशलाल जोशीको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको देखिन्छ। अर्थात अख्तियारले अनुसन्धान शुरु गर्नुपूर्व नै विवादित जग्गाको हक हस्तान्तरण भैसकेको देखिन्छ। तर यसरी **श्रेस्ताबाट जग्गाको स्वामित्व रहेको देखिइरहेका व्यक्तिहरुलाई मिति २०६६।०८।१९ मा निर्णय गर्नु अघि**

बुझ्ने काम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नभएको अवस्थामा निर्णयबारे जानकारी पाई नक्कल सारेको आधारमा आयोगको निर्णयबाट असर पर्ने पक्षले सो निर्णय उपर पुनरावेदन सुन्ने अधिकारप्राप्त निकाय विशेष अदालतमा पुनरावेदन गरेको स्थितिमा निर्णयबाट असर पर्ने पक्षलाई पुनरावेदन नै गर्न पाउँदैनौ, त्यस्तो पक्षले रिट को माध्यमबाट उपचार खोज्नुपर्ने थियो भन्न न्यायको रोहमा मिल्ने देखिंदैन।

सैद्धान्तिक रुपमा हेर्दा पनि संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अन्य कुनै अवस्थामा संविधानतः रिट क्षेत्रमा प्रवेश गर्न पाउने नै हो। तत्कालमा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) वा वर्तमान संविधानको धारा १३३(२)व्यवस्था पनि यही नै हो। रिटको क्षेत्राधिकार मुलतः पुनरावलोकीय क्षेत्राधिकार (review jurisdiction) हो। यो पुनरावेदकीय क्षेत्राधिकार (appeal jurisdiction) होइन। रिटको क्षेत्राधिकारमा सम्बन्धित अधिकारीको निर्णयको कानूनी वैधता(legality), तर्कसंगतता(rationality) र कार्यविधिगत उपयुक्तता (procedural propriety) हेरिन्छ[2]। त्यसैगरी रिट निवेदक सफा हात लिएर आएको छ वा छैन, विलम्व गरी आएको छ वा छैन भन्ने कुराहरु पनि महत्वपूर्ण हुन्छन्। विर्सनै नमिल्ने कुरा के पनि छ भने बन्दीप्रत्यक्षीकरणको रिट वाहेक अन्य रिटहरु स्ववीवेकीय रिटहरु हुन् र न्यायको कसीमा राखि हेर्दा रिट निवेदकलाई देखादेखी अन्याय भएको छ भने मात्र उपयुक्त उपचारको निम्ति रिटको आदेश जारी गरी सम्बन्धित अधिकारीको आदेश सच्याउन वा बदर गर्न सकिने हुन्छ।

यहाँ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयबाट पुनरावेदकहरुको सम्पत्ति सम्बन्धी हकमा असर परेको दावी गरेको अवस्था रहेको छ। सो स्थितिमा साधिकार निकायबाट उपचार प्राप्त गर्न सक्छु भनी तथ्य र कानून विश्लेषण गर्न सक्ने निकायमा पक्ष पुनरावेदन लिई गएको अवस्था छ।यसबाट पनि कानूनतः उपचार प्रदान गर्न सक्ने त्यस्तो निकायमा पक्ष गैरहेको अवस्थामा उपचारविहीनताको परिणाम निस्कने गरी तिमीले त रिट पो लिएर जानुपर्थ्यो, पुनरावेदनको मार्ग अनुशरण गरी आएछौ, म त उपचार प्रदान गर्दिन भनी अदालतले उपचार

---

[2] *Council of Civil Service Unions v Minister for the Civil Service* (1985) AC 374 at 408 (per Lord Diplock J)

प्रदान गर्न इन्कार गर्नु न्यायपूर्ण हुने देखिंदैन। तसर्थ यस विषयमा प्रत्यर्थी तर्फबाट गरिएको जिकिर स्वीकार गर्न मिल्ने देखिएन।

अब जहाँसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अन्तर्गत प्रयोग गर्न पाउने अधिकारको सीमा कति हो, दुषित दर्ता बदरको निर्णय गरी यथास्थितिमा राख्ने निर्णय गर्दा कानूनले दिएको अख्तियारीको सीमा नाघेको छ वा छैन भन्ने माथि उठाईएको प्रश्न छ। यही जग्गा दर्ता नामसारी समेतको विषयमा सो कार्यमा संलग्न मालपोत कार्यालयका कर्मचारी, जग्गा नामसारी गराई लिने र हक हस्तान्तरण गराई लिने व्यक्तिहरुसमेत उपर सरकारी छाप र दस्तखत कीर्ते मुद्दा चली सो मुद्दामा उच्च अदालत पाटनबाट भएको मिति २०७४।०४।२३ को फैसला(०७२-cs-०७०३) उपर वादी नेपाल सरकार र प्रतिवादीहरुको यस अदालतमा पुनरावेदन परी सो मुद्दा हाल संयुक्त इजलाससमक्ष विचाराधीन देखिन्छ।उक्त मुद्दा र प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुषित दर्ता बदरको निर्णय गरी यथास्थितिमा राख्ने निर्णय गर्दा कानूनले दिएको अख्तियारीको सीमा नाघेको छ वा छैन, र विशेष अदालतले गरेको इन्साफ मिलेको छ वा छैन भन्ने प्रश्न को निरुपण एकै साथ गरिनु आवश्यक भएको र हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय वा आदेशउपर ऐ..ऐनको दफा ३५ग बमोजिम विशेष अदालतमा पुनरावेदन लाग्ने हो वा असाधारण क्षेत्राधिकारको प्रयोग गरी रिटमार्फत अदालत प्रवेश गर्न पाउने हो भन्ने कानूनी प्रश्नमा निरुपण गर्न संयुक्त इजलासबाट पूर्ण इजलाससमक्ष पेश गरेको देखिंदा अरु विषयमा हाल यस इजलासबाट बोल्नु गर्नु उपयुक्त र आवश्यक देखिएन।

अतः माथि विभिन्न प्रकरणमा गरिएको विश्लेषणबाट प्रस्तुत मुद्दामा संयुक्त इजलासले मिति मिति २०६९।०७।२२ मा पूर्ण इजलासमा पठाउँदा उठाएका प्रश्नहरु मध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ऐनको दफा १२ख अन्तर्गत प्रयोग गर्न पाउने अधिकारको सीमा कति हो र सो सीमा नाघेको छ वा छैन भन्ने बाहेकका अन्य प्रश्नहरुको निरुपण गरिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ऐनको दफा १२ख अन्तर्गत प्रयोग गर्न पाउने अधिकारको सीमा कति हो भन्ने प्रश्नको निरुपण हाल संयुक्त इजलासमा विचाराधीन सरकारी

छाप र दस्तखत कीर्ते मुद्दा र प्रस्तुत मुद्दामा एकै साथ निर्णय गर्न उपयुक्त देखिएकोले प्रस्तुत मुद्दाको पूर्ण इजलासको दायरीको लगत कट्टा गरी संयुक्त इजलासमा दर्ता गर्नू र नियमानुसार पेश गर्नू।

न्यायाधीश

उक्त रायमा हामी सहमत छौं ।

न्यायाधीश

न्यायाधीश

इजलास अधिकृतः सुमन पाण्डे, सदिक्षा नेपाल

इति सम्वत् २०७८ साल भदौ १७ गते रोज ५ शुभम्......................................।